Namuna Academic Journal | Volume 3 | Number 1 | February 2025 | ISSN : 2822-194X

# राइटर बाजे कथामा वरणस्वतन्त्रता तथा उत्तर दायित्त्वबोध

~ डा. लेखराज खतिवडा
उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिवि
lekharajk@gmail.com

## लेखसार

*प्रस्तुत लेख अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको वरणस्वतन्त्रता तथा उत्तर दायित्वबोधका आधारमा विश्वेश्वरप्रसाद कोइरालाले रचना गरेको राइटर बाजे कथाको विश्लेषणमा केन्द्रित छ । आफूलाई यस संसारमा एक्लै फालिएको अवस्थामा पाउने मानिसले कुनै निर्णय गरेर आफूलाई बनाउनुपर्दछ अनि ऊ जे बन्छ त्यसप्रति ऊ स्वयं नै उत्तरदायी हुन्छ र ऊ आफ्नो त्यस उत्तरदायित्वबाट पन्छिन सक्दैन भन्ने मान्यता अस्तित्ववादको रहेको छ । जीवन बचाइका क्रममा आफूलाई बनाउनका लागि मानिसले गर्ने स्वतन्त्र निर्णयबाटै उसको अस्तित्व पनि प्रमाणित हुन्छ भन्ने मान्यता अस्तित्ववादले अगि सारेको छ र यही मान्यताको अभिव्यक्ति कोइरालाको प्रस्तुत कथामा निकै प्रभावकारी ढङ्मा गरिएको छ । प्रस्तुत कथाकी नायिका भोटिनीले राइटर बाजेलाई पतिका रूपमा वरण गरेकै कारण उसले कुष्ठ रोगको सिकार हुँदै मृत्युलाई वरण गर्न पुगेको देखाइएको छ भने राइटर बाजेले बाहुन भईकन पनि भोटिनीलाई पत्नीका रूपमा वरण गर्दा समाजको गाल खप्दै बाँच्न बाध्य हुनु परेको देखाइएको छ । यसरी प्रस्तुत कथामा यसका पात्र र तिनका कार्यव्यापारका आधारमा अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोधलाई वाणी दिइएकाले यो अस्तित्ववादी कथा हो भन्ने निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :** आत्मालाप, वरणस्वतन्त्रता, अस्तित्वशीलता, नियति, स्वअस्तित्व ।*

## विषयपरिचय

प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइराला (वि.सं.१९७१-२०३९) ले रचना गरेको राइटर बाजे कथामा भेटिने वरणस्वतन्त्रता र उत्तरदायित्वबोधको विश्लेषणसँग सम्बन्धित छ । कोइराला नेपाली साहित्यका फाँटमा एक सफल साहित्यकारका रूपमा स्थापित छन् । उनले नेपाली साहित्यका कविता र आख्यान (कथा र उपन्यास) विधाको रचना गरेका छन् । जीवनी/आत्मकथाको रचनामा पनि उनको सृजनात्मक कौशल निकै झल्किएको पाइन्छ । नेपाली साहित्यका विभिन्न विधाको रचना गरेका भए पनि उनको योगदानको मुख्य क्षेत्रचाहिँ आख्यान विधा हो । त्यसैले उनी नेपाली साहित्यका फाँटमा मुख्य रूपमा आख्यानकार (उपन्यासकार र कथाकार) का रूपमा चर्चित छन् । साहित्ययात्राका उत्तरार्द्धतिर उपन्यासको रचनामा सक्रिय रहेका

कोइराला आफ्नो साहित्ययात्राका सुरूतिर भने कथाको रचनामा केन्द्रित भएका थिए । १९९२ सालको 'शारदा' पत्रिकामा प्रकाशित 'चन्द्रवदन' नै उनको पहिलो प्रकाशित कथा हो । यसअघि उनले हिन्दीमा केही कथाहरूको रचना गरेर कथारचनाको राम्रो अभ्यास गरिसकेको थिए । चन्द्रवदन कथाबाट नेपाली कथाका फाँटमा देखापरेका उनले नेपाली कथापरम्परामा यथार्थवादी धाराको थालनीसँगै गुरूप्रसाद मैनालीले आरम्भ गरेको आधुनिक काललाई अगि बढाउँदै मनोवैज्ञानिक धाराको प्रवर्तन गरे । नेपाली कथाको आधुनिक कालको प्रवर्तनमा मैनालीसँगै कोइरालाको गहकिलो योगदान रहेको छ । चन्द्रवदन कथाबाट सुरू गरेको कथायात्राका क्रममा कोइरालाले रचना गरेका कथाहरु दोषी चश्मा (२००६) र श्वेतभैरवी (२०३९) शीर्षकका कथासङ्ग्रहभित्र सङ्गृहीत छन् ।

राइटर बाजे विश्वेश्वरप्रसाद कोइरालाका कथायात्राको दोस्रो चरण (वि.सं.२०१८-२०३९) मा देखिएको कथा हो । प्रस्तुत कथाको रचना कोइरालाले सुन्दरजल बन्दीगृहमा रहेका वेला २०१९ साल भदौ २४ गते गरेका हुन् । यो कथा उनको दोस्रो कथासङ्ग्रह श्वेतभैरवी मा सङ्कलित छ । प्रस्तुत कथा प्राज्ञिक अध्ययनका लागि एक महत्वपूर्ण सामग्रीका रूपमा रहेको छ र प्रस्तुत लेखमा कोइरालाले रचना गरेको 'राइटर बाजे' कथाको विश्लेषण अस्तित्ववादी दर्शनको एक मूलभूत मान्यताका रूपमा रहेको वरणस्वतन्त्रता तथा उत्तर दायित्वबोधका आधारमा गरिएको छ ।

## अध्ययनविधि

कथाकार विश्वेश्वरप्रसाद कोइरालाले रचना गरेको 'राइटरबाजे' कथामा व्यक्त भएको वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोधको खोजीमा केन्द्रित रहेको यस लेखलाई अनुसन्धानमूलक बनाउनका निम्ति निश्चित सामग्री सङ्कलन तथा अध्ययनविधिको उपयोग गरिएको छ । यस अनुसन्धानमा अवलम्बन गरिएका सामग्री सङ्कलन र सङ्कलित सामग्रीको विश्लेषण विधिलाई यहाँ अलग अलग शीर्षकमा उल्लेख गरिएको छ ।

## सामग्री सङ्कलनविधि

प्रस्तुत अनुसन्धानका लागि सङ्कलित सामग्रीहरु प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । कथाकार विश्वेश्वरप्रसाद कोइरालाले रचना गरेको 'राइटरबाजे' कथा नै यस अनुसन्धानका लागि प्राथमिक सामग्रीका रूपमा रहेको छ । त्यसै गरी 'राइटरबाजे' कथामा व्यक्त भएको अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोधसम्बन्धी चिन्तनको अध्ययन गरिएका पुस्तकहरूका साथै अस्तित्ववादको सैद्धान्तिक मान्यताका बारेमा चर्चा गरिएका ग्रन्थहरु नै यस अनुसन्धानका लागि द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यस अनुसन्धानका लागि आवश्यक यी दुवै प्रकारका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

## विश्लेषणविधि

प्रस्तुत अध्ययनमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित 'राइटरबाजे' कथामा फेला पर्ने वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोधसम्बन्धी चिन्तनको खोजीमा केन्द्रित छ । यसमा सङ्कलित सामग्रीको विश्लेषण मूलतः निगमनात्मक पद्धतिमा आधारित छ । यसमा 'राइटरबाजे' कथामा व्यक्त भएको पात्रको वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोधसम्बन्धी चिन्तनको खोजी गरेर त्यसको व्याख्यासमेत गरिएकाले यसमा मूलतः व्याख्यात्मक

विधि अँगालिएको छ । यसमा 'राइटरबाजे' कथामा व्यक्त वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोधसम्बन्धी विषय कसरी व्यक्त भएको छ भनी खोजी गरिएकाले यसमा अँगालिएको विधि विषयात्मक प्रकृतिको छ ।

## विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत अनुसन्धानमा राइटर बाजे कथाका विश्लेषणको मुख्य सैद्धान्तिक आधारका रूपमा अस्तित्ववाद रहेको छ । अस्तित्ववाद भनेको मान्छेको अस्तित्वमाथि चिन्तन गर्ने र उसका जन्म, मृत्यु, कुण्ठा, निराशा, सन्त्रास आदिमा सही अर्थ खोज्ने दर्शन तथा साहित्यिक मान्यता हो (भारद्वाज, सन् १९९४, पृ.२३०) । यस वादका प्रवर्तक डेनमार्केली चिन्तक सोरेन किर्केगार्ड (सन् १८१३-१८५५) मानिएका छन् । उनले उहिल्यै डेनिस भाषामा लेखेको यस दर्शनसम्बन्धी मान्यताको उनी बाँचुन्जेल प्रचारप्रसार हुन सकेन र त्यो ओ झेलमै रहन गएको थियो । पछि जर्मनीमा उनका दर्शनको व्याख्या हुन थालेपछि मात्र अस्तित्ववादी दर्शन पाश्चात्य चिन्तनपरम्परामा स्थापित हुँदै अस्तित्वमा आएको हो । खास गरी दोस्रो विश्वयुद्ध (सन् १९५९-सन् १९४५) पछि यो दर्शन पाश्चात्य दर्शनका रूपमा युरोपमा स्थापित भई बिस्तारै बिस्तारै विश्वभर प्रसारित भएको हो । यस दर्शनको विस्तृत व्याख्या एवम् विवेचना गर्दै यसलाई आफ्ना साहित्यिक रचनामा समेत सार्थक प्रयोग गर्दै चर्चित तुल्याउने कामचाहिँ फ्रान्सेली चिन्तक ज्याँ पाल सार्त्र (सन् १९०५-१९८०) ले गरेका हुन् । आफूलाई अस्तित्ववादी नभने पनि यस दर्शनको विकासमा टेवा पुऱ्याउने अन्य दार्शनिकहरूमा जर्मनीका फ्रेडरिक नित्से (सन् १८४४-१९००), जर्मनीकै मार्टिन हाइडेगर (सन् १९८९-१९७६) र अल्जेरियाका अल्बेयर कामु (सन् १९१३-१९६०) को योगदान पनि निकै महत्वपूर्ण रहेको छ । यी चिन्तकहरूका साथै अन्य चिन्तकहरूद्वारा प्रतिष्ठापित अस्तित्ववाद व्यक्तिवादी दर्शन हो र यसले व्यक्तिको अस्तित्वलाई अधिक महत्व दिन्छ । अस्तित्वलाई तत्वको पूर्वगामी मान्ने प्रस्तुत दर्शनले सबै विचार वा सिद्धान्त व्यक्तिकै चिन्तनको परिणति हो तसर्थ चिन्तन गर्ने व्यक्ति नै अस्तित्वमा आएको हो । यही कारणले गर्दा व्यक्ति अस्तित्व नै प्रमुख हो अनि विचार वा सिद्धान्तचाहिँ गौण हो भनी मान्दछ । यसरी अस्तित्वलाई तत्वको पूर्ववर्ती मान्ने अस्तित्ववादले मान्छेको अस्तित्वको खोज र त्यसको बोध आफ्नै पीडा, दुःख, क्लेश, निराशा, विसङ्गति आदिकै माझबाट गर्दछ भन्ने मान्यता प्रस्तुत गरेको छ ।

वरणस्वतन्त्रता तथा उत्तदायित्वबोध अस्तित्ववादी दर्शनले अगि सारेका मूलभूत मान्यताहरूमध्येको एक हो । व्यक्तिवादी दर्शनका रूपमा रहेको यस वादले व्यक्तिको स्वतन्त्र निर्णय/वरणस्वतन्त्रतालाई सर्वाधिक महत्व दिन्छ । प्रमुख अस्तित्ववादी चिन्तक सार्त्रले अस्तित्ववादको यस मान्यताको व्याख्या निकै राम्ररी गरेका छन् । उनका अनुसार प्रत्येक मान्छेले आफ्नो जीवनकालभर आफूलाई बनाइरहनुपर्दछ (हार्डर, सन् १९५२, पृ. ५३४-५४७) । त्यसै गरी अन्य अस्तित्ववादी चिन्तकहरूले पनि यस मान्यतालाई अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा व्याख्या गरेका छन् । सार्त्रका अनुसार मान्छे जेसुकै कुरा पनि छान्न वा वरण गर्न स्वतन्त्र हुन्छ र उसले केही न केही छनोट गर्नैपर्दछ (ब्राक्स, सन् १९४९, पृ.६०-७०) । त्यसैले सार्त्रको अस्तित्ववादले व्यक्तिको वरण (निर्णय र छनोट) को स्वतन्त्रता र उत्तरदायित्वबोधलाई मूल कुरा स्वीकारेको छ । अस्तित्व के हो ? भन्नेबारेमा आफ्नो धारणा प्रस्तुत गर्दै सार्त्रले अस्तित्व भनेको आफ्नै उत्तरदायित्वबोध र निर्णय-स्वतन्त्रता नै हो (त्रिपाठी, २०४९, पृ.१२६) भनेका छन् । सार्त्रले त मानिस स्वयम् आफ्नो मालिक हो भनेका छन् (माचवे, सन् १९७३ पृ.१२०) । यस भनाइबाट पनि मान्छे आफ्ना लागि निर्णय गर्न स्वतन्त्र छ भन्ने कुरा प्रस्ट हुन्छ । मान्छे जीवनमा आफ्ना लागि निर्णय गर्न वा छनोट गर्न स्वतन्त्र छ जुन उसको

अस्तित्वशीलताको प्रमाण पनि हो भनी अस्तित्ववादले मानेको छ । सार्त्रले त मानिस स्वतन्त्र हुन दण्डित छ (कोएट्स, सन् १९५३, पृ.२२९-२३८) भनेका छन् । त्यसैले अस्तित्ववादीहरु मानिस स्वतन्त्र हुन बाध्य भएकाले ऊ चाहेर पनि वरणस्वतन्त्रताबाट उम्किन सक्तैन किनभने नछान्नु पनि उसको आफ्नै स्वतन्त्र निर्णय हो र नछान्दानछान्दै पनि उसले सधैँ आफ्नो वरणस्वतन्त्रताको उपयोग गरिरहेको हुन्छ (पाण्डे, २०६२, ९०) । मानिसले आफूलाई के बनाउँछ भन्ने कुरा उसमै निर्भर छ भने अस्तित्ववादीहरूले भनेका छन् (कोप्लेस्टन, सन्, १९४८, पृ. १९-३८) । मान्छेले आफूलाई यस संसारमा एक्लै फालिएको अवस्थामा पाउँछ अनि ऊ न यस संसारबाट उम्कन पाउँछ न त स्वतन्त्रताबाटै उम्कन पाउँछन् । तसर्थ उसले आफूलाई आफै बनाउनुपर्दछ जसका लागि उसले जीवनमा कुनै न कुनै निर्णय गर्नैपर्दछ अनि आफ्ना लागि गर्ने स्वतन्त्र निर्णयबाटै मान्छेको अस्तित्व प्रमाणित हुन्छ भन्ने ठहर अस्तित्ववादीहरूको रहेको छ (स्क्रिफ्ट, सन् २००६, पृ. ३४) । स्वतन्त्र निर्णय वा छनोटको निर्णयबाट मान्छेले आफूलाई आफै निर्माण गर्दै जान्छ अनि ऊ जे बन्छ त्यो उसकै स्वतन्त्र निर्णय वा छनोटकै परिणति हुने गर्दछ । यसरी मान्छे एकातिर आफ्ना विषयमा निर्णय गर्न पूर्णतः स्वतन्त्र छ भने अर्कातिर त्यही स्वतन्त्रताका कारण जीवनमा निम्तिएको परिस्थितिको उत्तरदायित्वबोध बहन गर्न पनि ऊ बाध्य भएको हुन्छ । ऊ जीवनमा जेजस्तो परिस्थिति झेल्न पुग्दछ त्यसका लागि ऊ स्वयं नै उत्तरदायी हुन्छ किनभने त्यो परिस्थिति उसले आफ्नै वरणस्वतन्त्रताको उपयोगबाट निम्त्याएको हुन्छ । त्यसैले अस्तित्ववादीहरु स्वतन्त्र जन्मनु नै मान्छेको दुःखान्त हो (टुलक, सन् १९५२, पृ.३१-५२) भनी मान्दछन् । यसरी यस संसारमा आफूलाई एक्लै फालिएको अवस्थामा पाउने मान्छेले आफ्नो स्वतन्त्र निर्णय तथा वरणस्वतन्त्रताको उपयोग गरी आफूलाई आफैले बनाउनुपर्दछ अनि ऊ जे बन्दछ त्यो उसकै वरणस्वतन्त्रताको परिणति हुने हुँदा त्यसको सम्पूर्ण उत्तरदायित्व ऊ स्वयंकै हुन्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ । अस्तित्ववादको यही मान्यताका आधारमा विश्वेश्वरप्रसाद कोइरालाको राइटर बाजे कथाको विश्लेषण यस लेखमा गरिएको छ र त्यसका लागि अवलम्बन गरिएको विश्लेषण ढाँचाँ तल प्रस्तुत छ :

अ) 'म' पात्र (भोटिनी) को वरणस्वतन्त्रता

आ) राइटर बाजेको वरणस्वतन्त्रता

इ) भोटिनीको उत्तरदायित्वबोध

ई) राइटर बाजेको उत्तरदायित्वबोध

'म' पात्र (भोटिनी) को वरणस्वतन्त्रता

विश्वेश्वरप्रसाद कोइरालको राइटर बाजे मूलतः सामान्य यौनमनोवैज्ञानिक कथा हो तर यसमा अस्तित्ववादी दर्शन पनि व्यक्त भएको छ । यस कथामा मूल रूपमा कथाकी केन्द्रीय पात्र भोटिनीले आफ्नो अस्तित्वको स्वतन्त्रतालाई प्रतिष्थापन गर्नका निम्ति गरेको बाह्य तथा आन्तरिक सङ्घर्ष प्रस्तुत गरिएको छ । कथाभित्रका सम्पूर्ण घटना भोटिनीकै केन्द्रीयतामा घटेका छन् । यहाँ उसले मान्छे हुनाको अर्थ अस्तित्वको स्वतन्त्रताका लागि निरन्तर सङ्घर्ष गरिरहनुपर्दछ भन्ने मान्यता अँगालेको देखिन्छ । यहाँ ऊ अत्यन्तै चिन्तनशील एवं विद्रोही नारीका रूपमा प्रस्तुत भएकी छ । उसको चरित्रमा सफलता-विफलता, सुख-दुःख, नैतिकता-अनैतिकता, आशा-निराशा आदि द्वन्द्वबाट माथि उठेर आत्मिक चिन्तनद्वारा स्वअस्तित्वका लागि निर्णय गर्ने साहसका साथै त्यसबाट उत्पन्न समस्या वा अवस्थालाई स्वीकार गर्ने साहस प्रतिविम्बित भएको छ । प्रस्तुत कथामा उसले जीवन बचाइका क्रममा मूलभूत रूपमा दुईवटा निर्णय गरेकी छ : (१) राइटर

बाजेलाई पतिका रूपमा वरण गर्ने निर्णय र (२) पति राइटर बाजेलाई बचाउनका लागि आवश्यक पर्ने खर्च जुटाउनका लागि वेश्यवृत्ति गर्ने निर्णय । यिनै दुईवटा महत्वपूर्ण निर्णय गर्ने भोटिनी अस्तित्वशील पात्रका रूपमा खडा भएकी देखिन्छे ।

बाल्यावस्थामा काठमाडौँका गल्लीमा थाङ्नु लाएर माग्दै हिँडेका अवस्थामा तीन नम्बर पहाडबाट जागिर खान सहरमा आएका राइटर बाजेले एक दिन अड्डाबाट फर्किँदा दया गरेर आश्रय दिँदै आफ्ना घरमा ल्याई राखेपछि एउटी भोटिनीले जीवनमा आफ्नो अस्तित्वका लागि गर्नुपरेका सङ्घर्षको मार्मिक कहानी यसमा प्रस्तुत गरिएको छ । दरिद्रताले सिकुडिएको उसको शरीर फाटेका थाङ्नामा उमेरभन्दा धेरै सानो लाग्ने गरेको भए पनि राइटरका घरमा आश्रय पाई बस्न थालेपछि चाहे जति भोजन पाएका कारण भोटिनीको शरीर फक्रन थाल्नुका साथै राइटर बाजेसँगको सहवासले उसको बुद्धि र मन पनि शरीरसँगसँगै हुर्किन थालेपछि राइटर बाजेको गृहस्थीको सम्पूर्ण भार आफ्नो काँधमा आएको अनुभव गरेकी छ । एक दिन राइटर बाजेले आफ्नो एक महिनाको तलब र बाकसको साँचो जिम्मा दिएपछि भोटिनीलाई आफ्नो जीवनमा नयाँ मोड आएको अनुभव भएको छ । एक महिनाको तलब र बाकसको साँचो जिम्मा दिँदै राइटर बाजेले भनेका छन्,"अब तलब आउनेबित्तिकै तिम्रै हातमा राखिदिन्छु" (कोइराला, २०५४, पृ. १९) । हाम्रो समाजमा खास गरी पतिले आफ्नो कमाइ पत्नीका हातमा राखिदिने र घरव्यवहारको सम्पूर्ण दायित्व सुम्पने प्रचलन भएकैले होला राइटर बाजेले तलब हातमा राखिदिन्छु भनेपछि त्यस दिन हठात् भोटिनीलाई आफ्नो स्वयंवर भएको लागेपछि ऊ मनमनै राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने निर्णयमा पुगेका कुराको प्रस्ट सङ्केत पाइन्छ । उसको यस किसमको आत्मिक निर्णय एकातिर सामाजिक मूल्यमान्यता एवम् यावत् रूढिवादी मान्यताका विरूद्ध गम्भीर चुनौतीका रूपमा उभिएको छ भने अर्कातिर उसको अस्तित्वशीलताको प्रमाणका रूपमा देखिएको छ । एउटी भोटिनी युवतीका लागि आफूलाई आश्रय दिने ब्राह्मण राइटर बाजेलाई पतिका रूपमा वरण गर्नु चानचुने कुरो थिएन । यद्यपि उसले मनमनै आफ्नो स्वयंवर भइसकेको ठानेकी भए पनि पतिका रूपमा राइटर बाजेलाई वरण गर्नका लागि भने निकै मानसिक सङ्घर्ष झेल्नुपरेको छ । उसको यस भनाइबाट पनि उसले राइटर बाजेलाई पतिका रूपमा वरण गर्नका लागि निकै ठूलो मानसिक सङ्घर्ष झेल्नुपरेको देखिन्छ : "मेरो त्यसै दिन स्वयंवर भएको भन्ने गम्भीर अनुभव हुँदाहुँदै पनि पत्नीको आसनमा उक्लिन खोज्दा मलाई द्विविधा भइरह्यो" (कोइराला, २०५४, पृ.२०) । नारीका लागि जीवनमा पतिको छनोट गर्नुपर्ने त्यति ठूलो निर्णय एक्कासि गर्नु चानचुने कुरो होइन । उसलाई लागेको छ : "त्यस दिन मेरो जीवनको सबभन्दा ठूलो निर्णयमा मैले पुग्नु थियो । तर त्यहाँ मेरा त्यस्ता कोही पनि थिएनन् जोसँग म सल्लाह लिन सकूँ" (कोइराला, २०५४, पृ.२०) । मान्छेले जीवनमा आफ्ना लागि गर्नुपर्ने निर्णय ऊ स्वयं वा एक्लैले गर्नुपर्दछ भनी अस्तित्ववादले मानेको छ । त्यसैले जीवनको महत्वपूर्ण निर्णय गर्नुपर्ने क्षणमा भोटिनीले पनि आफूलाई नितान्त एक्लो पाएकी छे । उसको यस भनाइबाट पनि मानिस जीवनमा महत्वपूर्ण निर्णय गर्नुपर्ने क्षणमा नितान्त एक्लो हुन्छ भन्ने अस्तित्ववादी चिन्तन मुखरित भएको छ "मानव नियति नै यस्तै छ क्यारे कि जीवनका महान् क्षणमा त्यो एक्लो हुन्छ, त्यसले आफ्नो निर्णय एक्लै गर्नुपर्दछ-अरू कसैको सल्लाह त्यसलाई काम लाग्दैन, अरू कसैको जीवनको उदाहरणले त्यसलाई बाटो देखाउँदैन" (कोइराला, २०५४, पृ.२०-२१) । राइटर बाजेसँग स्वयंवर भइसकेको रहरलाग्दो अनुभूति भइसकेको भए पनि उसलाई पतिका रूपमा वरण गर्ने निर्णयमा पुग्नका लागि भोटिनीले निकै ठूलो मानसिक सङ्घर्ष गर्नुपरेको यसमा देखाइएको छ ।

राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने निर्णयमा पुग्नका लागि आफूलाई सहज होस् भन्ठानेर भोटिनीले आफ्ना तीनवटी दिदीहरूसँग सल्लाह पनि लिएकी छ । चार पतिकी पत्नी एवम् तीन सन्तानकी आमाका रूपमा हेलम्बुमा घरगृहस्थी चलाएर बसेकी जेठी दिदीले आफ्नो देवरसँग बिहे गरेर गृहस्थी जीवन चलाउन अनुरोध गर्दै भोटिनीले बाहुनी हुन खोजेर कहाँ हुन्छ र भन्दै राइटर बाजेसँग बिहे नगर्न सल्लाह दिएपछि भोटिनीले महिली दिदीकहाँ पुगी सल्लाह लिएकी छ । बौद्धमा एउटा भट्टी पसल थापेर बसेकी माहिली दिदीले यौनधन्दा चलाएर बस्न आग्रह गरेकी भए पनि त्यसबाट चित्त नबुझेपछि ऊ आफ्नी साहिँली दिदीकहाँ पुगेकी छ । आफ्नो सौन्दर्यको भरपूर सदुपयोग गर्दै दरबार पसेर त्यहाँकी रानी बन्न सफल भएकी साहिँली दिदीले आफ्नो सुन्दरताको सदुपयोग गर्दै राजकुमार पाउन तर जाबो ब्राह्मणका लागि मरिनमेट्न सल्लाह दिएपछि भोटिनीलाई दिदीहरूबाट चित्तबुझ्दो सल्लाह मिलेजस्तो लागेको छैन । यसरी तीनवटै दिदीहरूबाट चाहेजस्तो सल्लाह एवम् सुझाव नआएपछि रातका समयमा घर फर्केकी भोटिनीले बिछ्यौनामा लेटिरहेका राइटर बाजेसँगै रात बिताएर उसलाई पतिका रूपमा वरण गरेकी छ । दिदीहरूले बाहुनलाई पतिका रूपमा स्वीकार नगर्न आग्रह गर्दागर्दै पनि आत्मिक चिन्तनद्वारा स्वअस्तित्वलाई ठम्याएर निर्णय गर्ने साहस गरेर उसले आफ्नो अस्तित्वशीलता प्रमाणित गरेकी छ । राइटर बाजेलाई पतिका रूपमा वरण गरे पछि भोटिनीले जीवनमा अस्तित्वका लागि सङ्घर्ष गर्न सुरू गरेकी छ । भोटिनी भइकन पनि जाँडरक्सी नखाने, जाडोका समयमा पनि ननुहाई नहुने गरेर हामी भोटिनीलाई नहुने हुँदा हामीले बाहुनी बनेर हुँदैन भन्ने जेठी दिदीको सल्लाह र बाहुनसँग बिहे गरेपछि समाजका अगाडि खडा हुने चुनौतीको वास्तै नगरी भोटिनीले राइटर बाजेलाई पतिका रूपमा वरण गरेबाट उसको चिन्तनको आफ्नोपन उद्घाटित भएको छ । के कुरा गर्दा उचित हुन्छ र के कुरा नगर्दा उचित हुन्छ भन्ने कुराको निश्चय गर्ने उसको आफ्नो अलग्गै तरिका छ- आफैलाई सोध्ने अनि आफैभित्र खोज्ने । राइटर बाजेसँग रात बिताएपछि पूर्ण रूपमा उसकी पत्नी भइसकेपछि उसले व्यक्त गरेको यस भनाइबाट पनि उसले निश्चिन्त भई उसलाई पतिका रूपमा वरण गरेको देखिन्छ :"मेरो हृदय र शरीरका बीचको द्वन्द्व, मेरा मनका शङ्का-उपशङ्का, दिदीहरूका आग्रह-सल्लाह-मेरा जीवनका यावत् प्रश्नहरू त्यस रात राइटर बाजेको शय्यामा आफूलाई समर्पण गर्दा लोप भएर गए" (कोइराला, २०५२, पृ.२२) । राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने आफ्नो निर्णयबाट भोटिनी सन्तुष्ट देखिन्छे र उसलाई आफ्नो जीवन सार्थक भएको अनुभव भएको छ । त्यसैले त ऊ भन्छे : "निश्चिन्तभावले निर्धक्कसँग मनसा वाचा कर्मणा, पत्नीत्वको मर्यादित स्थानलाई ग्रहण गर्दा मलाई एउटा पूर्णसार्थकताको अनुभव भयो" (कोइराला, २०५४, पृ.२२) । यसरी आत्मगत चिन्तनद्वारा स्वअस्तित्वलाई ठम्याई निर्णय गर्ने साहस राखेर भोटिनीले राइटर बाजेलाई पतिका रूपमा वरण गरेकीले ऊ अस्तित्ववादी चरित्रका रूपमा कथामा उपस्थित भएकी छ ।

भोटिनीले राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने निर्णय गरेपछि केही समयसम्म दाम्पत्य जीवनको चरम सुखभोग गरेकी भए पनि उसको त्यो सुख धेरै दिनसम्म टिकिरहन सकेको छैन । दिदीहरूको सल्लाहलाई वास्तै नगरी प्राप्त गरेको राइटर बाजेसँगको दाम्पत्य सम्बन्धका सुखको चरम अवस्था भोग गर्दागर्दै अचानक छोरीको निधन हुनु, राइटर बाजेसमेत बिरामी भई थला पर्नु, राइटर बाजेको जागिर खुस्किनु र आम्दानीको स्रोत सक्किनु भोटिनीका लागि जीवनको कठोर नियति नै भएको छ तर पनि परिस्थितिसित कहिल्यै हार नमान्नु र आफ्नो निर्णयको परिणति जस्तोसुकै प्रतिकूल भए पनि त्यसप्रति मनमा कुनै कुण्ठा भाव नराखी

आइपरेको समस्या एवम् कठिनाइलाई सहजतापूर्वक आत्मसात् गर्दै अगाडि बढ्ने भोटिनीको चरित्रले पनि उसका अस्तित्वशीलताको पुष्टि हुन्छ ।

राइटर बाजे क्षयरोगबाट थला परेर ओछ्यान परेका कारण जागिरसमेत खुस्किएपछि जीवननिर्वाह गर्न कठिन हुँदा भोटिनी फेरि अर्को कठोर निर्णय गर्नुपर्ने अवस्थामा उभिएकी छ । आफ्नै निर्णयका कारण आइपरेका एकपछि अर्का कठिन परिस्थितिहरूसँग जुध्दै र हार नमान्दै उसले घरका मालमत्ता एवं गहनागुरियाहरु बेचेर पतिको उपचार गरेकी भए पनि पतिको स्वास्थ्यमा कुनै सुधार नआएपछि सम्पत्ति पनि सकिएका अवस्थामा ऊ झन् समस्यामा पर्दै गएकी छ । यस्तो परिस्थितिमा पतिलाई बचाउनका लागि उसले फेरि अर्को निर्णय गर्नुपर्ने परिस्थितिको सामना गर्नुपरेको छ । यद्यपि जस्तोसुकै परिस्थिति आइलागे पनि मान्छेले जीवनमा हार खानुहुँदैन र कर्मशील भई सङ्घर्ष गरिरहनुपर्दछ भन्ने मान्यता अस्तित्ववादले अगि सारेको छ । त्यस्तो परिस्थितिमा भोटिनीलाई पनि यस्तो अनुभव भएको छ :"सब कुराबाट निराश भएर पनि जीवनको धुकधुकीले परास्त स्वीकार गर्दो रहनेछ" (कोइराला, २०५४, पृ.२४) । मान्छेले जीवनका प्रत्येक क्षणको सदुपयोग गर्नुपर्दछ र त्यसो गर्दा जीवनमा आउने समय अझ सुन्दर हुन सक्छ भन्ने कामना गर्नुपर्दछ भन्ने मान्यता अस्तित्ववादले अगि सारेको छ । यहाँ भोटिनीका अगाडि पनि आइपरेको जीवनको त्यस किसिमको अप्ठ्यारो परिस्थिति वा क्षण (राइटर बाजे बिरामी भएको क्षण) मा कुनै ठोस निर्णय गर्नुपर्ने परिस्थिति आइपरेको छ । परिस्थिति नै त्यस्तै आइपरेपछि उसले आफूले के निर्णय गर्नुपर्ने हो त्यसको टुङ्गो पनि लगाएकी छ । त्यस्तो परिस्थितिमा के निर्णय गर्ने भन्ने उसको द्विविधा मेटिएको छ अर्थात् आफूले लिनुपर्ने निर्णयका बारेमा ऊ टुङ्गोमा पुगिसकेकी छ । उसले ठानेकी छ : "केका लागि अब यो यौवनपूर्ण शरीरलाई साँचेर राख्छेस् ? त्यसको प्रयोग गर्ने समय आएको छ" (कोइराला, २०५४, पृ.२४) । उसले आफ्नो शरीर अरूलाई उपभोग गर्न दिएर त्यसबाट प्राप्त हुने कमाइले पतिको औषधोपचार गर्ने उपाय ठम्याएर उसले वेश्या बन्ने जुन निर्णय गरेकी छ त्यो पनि उसको व्यक्तिगत वरणस्वतन्त्रता नै हो । यद्यपि यस्तो निर्णय लिनुभन्दा पहिले उसका मनमा पत्नी र नारीका बीच निकै ठूलो द्वन्द्व पनि चलेको छ । उसका मनमा रहेकी पत्नीले एक जनाबाहेक अरु पुरूषलाई स्वीकार गर्नुहुन्न भने पनि त्यसमा उसले कुनै तुक देखेकी छैन र उसकी मनकी पत्नीलाई उछिन्दै उसभित्रकी नारीचाहिँ यस्तो ठान्छे : "के आफ्नो पुरूषका खातिर पनि त्यो वर्जित छ ? पुरूषको हितका लागि नारीले गर्न नहुने कुनै कार्य छैन । पत्नीको मार्यादाको सीमा सायद होला, तर के नारीको प्रेमको सीमाङ्कन कसैले गर्न सकेको छ ?" (कोइराला, २०५४, पृ.२४) । पत्नीधर्मका खासखास सीमा हुने भए पनि नारीका धर्मको कुनै सीमा नभएको ठान्दै उसले आफ्नो शरीर परपुरूषलाई उपभोग गर्न दिएर पतिलाई औषधोपचार गरी बचाउने कठोर निर्णय गरेकी छ । निर्णय लिनुभन्दा अगि उसले यस्तो ठानेकी छ : "आखिर पत्नी भनेको नारीत्वमाथि उभिएको एउटा मूर्ति त हो नि" (कोइराला, २०५४, पृ.२४) । पत्नीका रूपमा भन्दा पनि नारीका रूपमा आफ्नो शरीर अरूलाई दिएर भए पनि पतिलाई बचाउने निर्णय गरेर उसले वरणस्वतन्त्रताको उपयोग गरेकी छ । गणिका वृत्ति अँगालेर त्यसबाट आर्जित कमाइबाट पतिलाई बचाउने प्रयासका लागि उसले चालेको साहसिक कदमबाट उसको अस्तित्वशीलता प्रमाणित भएको छ । यसरी प्रस्तुत कथामा यसकी केन्द्रीय पात्रका रूपमा उपस्थित भएकी भोटिनीले राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने र बिरामी पतिलाई बचाउनका लागि वेश्यावृत्ति अपनाउने जस्ता दुई निर्णय गरेकी छ र उसका यी दुई निर्णयबाट उसको अस्तित्वशील चरित्र उद्घाटित हुन पुगेको छ ।

## राइटर बाजेको वरणस्वतन्त्रता

प्रस्तुत कथा मूलतः भोटिनीको कथा हो र यसमा राइटर बाजे प्रत्यक्ष रूपमा उपस्थित नभई भोटिनीकै आत्मकथनमा आएक छन् । प्रत्यक्ष रूपमा उपस्थित नभई भोटिनीको आत्मकथनमा आए पनि कथाको शीर्षक उसकै नामबाट रहेको हुँदा उनको भूमिकालाई पनि कम आँक्न मिल्ने देखिँदैन । यहाँ उनी पनि अस्तित्वशील पात्रका रूपमा चित्रित छन् । एक दिन कार्यालयबाट घर फर्कने क्रममा बाटामा थाङ्नु लगाएर माग्दै हिँडिरहेकी भोटिनी बालिकालाई घर ल्याई पाल्ने निर्णय गर्नुलाई उनको वरणस्वतन्त्रताकै रूपमा लिन सकिन्छ । भोटिनी बालिकालाई घरमा ल्याई पाल्ने निर्णय गरेसँग उनको अस्तित्ववादी सङ्घर्ष सुरू भएको देखिन्छ । बैंसको सिँढी चढिरहेकी एउटी भोटिनी केटीलाई घरमा राख्नु एक्लो राइटर बाजेलाई त्यति सहज थिएन किनकि ती दुई मात्र एउटा घरमा बस्नु समाजका लागि सानो चुनौती होइन । एउटा घरमा सँगै बसेकाले उनीहरूको सम्बन्धलाई लिएर समाजमा नराम्रा टीकाटिप्पणी नभएको पनि होइन । राइटर बाजेकी पत्नी भइसकेपछि भोटिनीले व्यक्त गरेको यस भनाइबाट पनि समाजले ती दुईका बीचको सम्बन्धलाई लिएर आपत्ति प्रकट गरेको देखिन्छ : "त्यसो त हाम्रो व्यवहारमा बाहिरी केही फरक आएन, पहिले पनि छिमेकका सबैले हामीलाई पुरूष र पत्नीको रूपमा कल्पना गरेर केही कुरा काटेका थिए - "राइटरले एउटी राम्री भोटिनीलाई राखेको छ ।"(कोइराला, २०५४, पृ. २२) । एउटी भोटिनी बालिकालाई घरमा आश्रय दिएर राख्ने निर्णय गर्नु भनेको समाजलाई चुनौती दिनु हो तर ती सब कुराप्रति राइटर बाजेले कुनै मतलब नराखेबाट उनको चिन्तनको आफ्नोपन नै झल्किएको छ । समाजले भन्दै गर्छ तर आफ्नो मनले अह्राएको कामप्रति अटल भई परिणामको वास्ता नगरी स्वतन्त्र निर्णय गर्नुले उनको अस्तित्ववादी चरित्र निकै राम्ररी उजागर भएको छ । त्यसै गरी बालिकालाई घरमा ल्याएको भए पनि बिस्तारै बिस्तारै ऊ बैंसालु अवस्थामा पुगेपछि उसैलाई महिनावारी तलब र बाकसको साँचो जिम्मा लगाउनुलाई उनको भोटिनीलाई नै आफ्नी भावी पत्नीका रूपमा वरण गर्ने कदमका रूपमा लिन सकिन्छ । बाहुन भएकाले उनले भोटिनीलाई पत्नीका रूपमा वरण गर्नु समाजका लागि एउटा ठूलै चुनौती भए पनि त्यसप्रति उनले कुनै चासो एवम् महत्व दिएको पाइँदैन र ऊ भोटिनीलाई पत्नीका रूपमा वरण गर्न तत्पर रहेको देखिन्छ र उसको भोटिनीलाई वरण गर्ने निर्णय उसकै व्यक्तिगत निर्णय हो । यसरी बाहुन भईकन पनि एउटी भोटिनीलाई पत्नीको रूपमा वरण गर्ने निर्णय गरेबाट ऊ अस्तित्वशील पात्रका रूपमा देखा परेको छ ।

## भोटिनीको उत्तरदायित्वबोध

अस्तित्ववादीहरु यस संसारमा एक्लै फालिएको अवस्थामा आफूलाई पाउने मान्छेले स्वतन्त्र निर्णय वा छनोटको स्वतन्त्रताको उपयोग गरी आफैले आफूलाई बनाउनुपर्दछ अनि ऊ जे बन्दछ त्यसका लागि ऊ स्वयं नै उत्तरदायी हुनुपर्दछ र उसले त्यस किसिमको उत्तरदायित्वबाट पन्छिन मिल्दैन भन्ने मत अगि सारेका छन् । बेसहारा भई सडकमा माग्दै हिँडिरहेका वेला राइटर बाजेले घरमा ल्याई आश्रय दिएर राखे पछि बिस्तारै बिस्तारै हुर्कँदै गएकी भोटिनीले राइटर बाजेका घरको सम्पूर्ण दायित्व सम्हाल्दासम्हाल्दै एक दिन उसैलाई पतिका रूपमा वरण गरेकी छ र आफ्नो अस्तित्वशीलता प्रमाणित गरेकी छ । सडकपेटीबाट एकजना ब्राह्मणका घरमा आश्रय पाउँदै गर्दा समयक्रमसँगै त्यही घरकी स्वामिनी हुँदै राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने निर्णय गरेर उसले आफ्नो वरणस्वतन्त्रताको उपयोग गरेकी छ । "पत्नी भएर सम्पूर्ण रूपले आफूलाई राइटर बाजेमाथि सुम्पिदिँदा र पत्नीको मर्यादित ठाउँ पाउँदा उसलाई पूर्ण सार्थकताको

अनुभव हुन्छ" (शर्मा, सन् १९९२, पृ.१०९-११०) । यस्तो अनुभवको पूर्णतः हकदार ऊ स्वयम् नै हो । सामाजिक रूढि एवम् पुरातन मान्यताप्रति कुनै मतलब नराखी ब्राह्मणसँग बिहे गर्ने भोटिनीको स्वतन्त्र निर्णय वा वरणस्वतन्त्रताका कारण उसले जेजस्तो सुखद-दुःखद परिस्थिति भेल्नुपरेको छ त्यो उसको व्यक्तिगत वरणस्वतन्त्रताकै परिणति हो । राइटर बाजेलाई पतिका रूपमा वरण गरेपछि आफ्नो जीवन पूर्ण सार्थक भएको ठान्ने भोटिनीले एउटी छोरीलाई जन्माएपछि उसले जीवनमा निकै सुखद अनुभव गरेकी छ र उसले अनुभव गरेको सुख उसको भनाइमा प्रस्ट रूपमा भल्किएको छ : "मेरो सुख चरमसीमामा पुगेको थियो । पत्नीत्व र मातृत्वको सुख - प्रिया र माता हुने भाग्य ! मलाई लाग्यो, म देवीदेवताको समकक्षमा छु । अनन्त छ मेरो सुख र सन्तोष । ठूलो भाग्य लिएर आएकी छु" (कोइराला, २०५४, पृ.२२) । उसको यस भनाइबाट पत्नी र आमाका रूपमा उसले चरम सुख पाएको अनुभव गरेकी छ जुन उसकै वरणस्वतन्त्रताको परिणति हो । यद्यपि राइटर बाजेलाई पतिका रूपमा वरण गरेपछि पाएको चरम सुख उसले जीवनमा सदा पाइरहन सकेकी छैन । अचानक छोरीको मृत्यु भएपछि दुःखको पहाड खस्न सुरू भएको उसका जीवनमा एकपछि अर्को गर्दै जटिल समस्याहरु आइपरेका छन् । छोरीको देहान्त भएको केही महिनापछि नै राइटर बाजे पनि क्षयरोगले ग्रस्त हुनु, उसको जागिर खुस्किनु र जीवन निर्वाह गर्न गाह्रो हुनु भोटिनीका लागि जीवनको कठोर नियति नै भएको छ तर पनि परिस्थितिसँग कहिल्यै हार स्वीकार नगर्नु र आफूले गरेको निर्णयको प्रतिफल जतिसुकै असहज/प्रतिकूल भए पनि त्यसप्रति मनमा कुनै कुण्ठाभाव नराखी सबै कुरालाई आत्मसात् गर्दै अगाडि बढ्नु नै भोटिनीका चरित्रमा पाइने खास विशेषता हो र यस किसिमको उसका चरित्रमा पाइने विशेषताका कारण ऊ अस्तित्वका लागि सङ्घर्ष गर्ने नारीका रूपमा पनि देखिएकी छ । पति बिरामी भई ओछ्यान परे पछि जीविकाका लागि घरका मालमत्ता र गहनागुरिया बेच्दा प्राप्त भएको रकमबाट औषधोपचार गर्दा पनि निको नभएपछि अन्ततः पतिलाई बचाउनका लागि आवश्यक पर्ने खर्च जुटाउनका लागि वेश्यावृत्तिमा लागेकी भए पनि अन्ततः पतिको निधन हुनु पनि भोटिनीका लागि जीवनको कठोर नियति हुन पुगेको छ । अभ्र पति मरेकै दिन आफ्ना नाकको टुप्पोमा कुष्ठरोगको प्रथम चरणका रूपमा एउटा सेतो टाटो देख्नु त उसका लागि नियतिले दिएको कठोर सजायकै रूपमा रहेको छ । जीवनका आखिरतिर उसले कुष्ठरोगको सिकार भई थलिनुलाई उसकै वरणस्वतन्त्रता (राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने र पतिलाई बचाउनका लागि आवश्यक पर्ने खर्च जुटाउनका लागि वेश्यावृत्ति पेसा वरण गर्ने निर्णय) का कारण बेहोर्नुपरेको उत्तरदायित्वका रूपमा लिन सकिन्छ ।

मान्छेले जीवन बचाइका क्रममा आफूलाई बनाउनका लागि जे उचित लाग्छ त्यही छनोट गर्ने निर्णय गर्न सक्छ तर त्यसो गर्दा ऊ अरु कुराको छनोट गर्नबाट वञ्चित हुन्छ भनी अस्तित्ववादले मानेको छ । भोटिनीका हकमा पनि अस्तित्ववादको यही मान्यता चरितार्थ भएको छ । उसले ठानेकी पनि छ : "जीवनमा मानिसले एउटै मार्ग मात्र रोज्न पाउँदो रहेछ । एकचोटि रोजेपछि त्यही मार्गबाहेक अरु बाटो त्यसका लागि उपलब्ध हुँदो रहेनछ । मैले रोजेको बाटोमा हिँडेर म आज बाटोको अन्तिम छोरमा पुगेकी छु" (कोइराला, २०५४, पृ.२७) । राइटर बाजेलाई पतिका रूपमा वरण गरेकै कारण आज ऊ जीवनको ज्यादै अप्ठ्यारो मोडमा आएर उभिएको महसुस गर्न पुगेकी छ । दिदीहरूले सल्लाह दिएअनुसारको बाटामा हिँडेकी भए आफ्नो जीवन अर्कै रूपमा अगि बढ्थ्यो कि भन्ने पनि उसलाई नलागेको होइन । उसले भनेकी पनि छ : "मैले दिदीहरूको बाटो रोजेको भए के हुने थियो, थाहा छैन, अहिले यसको विवेचना गर्नु पनि व्यर्थ छ" (कोइराला, २०५४,

पृ.२७) । राइटर बाजेलाई पतिका रूपमा वरण गरिसकेपछि भोटिनीले आफ्नो जीवनका अन्य सबै बाटाहरू बन्द भएको ठान्नुका साथै आफूले जीवनमा पाएको पीडा आफ्नै स्वतन्त्र निर्णय अर्थात् वरणस्वतन्त्रताकै परिणति हो भन्ने कुराको बोध पनि गरेकी छ । पतिको निधन भई एकाकी जीवन बिताउनुपरेका अवस्थामा कुष्ठरोगको अर्को मार खपेर बाँच्न विवश बनेको अवस्थालाई उसले आफ्ना जीवनको कठोर नियतिका रूपमा स्वीकार्दै त्यसको उत्तरदायित्वसमेत बोध गरेकी छ भन्ने कुरा उसको यस भनाइबाट पनि प्रस्ट हुन्छः "तर मैले रोजेको बाटोमा कसैले पाउन नसकेको वस्तु मैले पाएँ - मेरो मात्र आफ्नो - राइटर बाजेको प्रेम । लुली र डुँडी भएर पनि त्यो प्रेमको न्यानो अझै मेरो मुटुमा विद्यमान छ" (कोइराला, २०५४, पृ.२७) । यसरी राइटर बाजेलाई पतिका रूपमा वरण गरेपछि पतिका असीम प्रेमको सुखद अनुभव गर्नु र जीवन बचाइका क्रममा नियतिले देखाएको बाटामा हिँड्दा वेश्यावृत्ति गर्नुपर्ने पेसासमेत अँगाल्दै अन्ततः कुष्ठरोगको असह्य पीडा खप्न बाध्य हुनुलाई उसको वरणस्वतन्त्रताकै उत्तरदायित्वबोधका रूपमा लिन सकिन्छ । यसरी प्रस्तुत कथाकी केन्द्रीय पात्रका रूपमा उपस्थित भोटिनीले एकातिर पतिको असीम माया पाएर अनुभव गरेको प्रेमको सुखानुभूति र अर्कातिर कुष्ठरोगले गर्दा भोग्नुपरेको चरम पीडा नै उसले आफ्ना वरणस्वतन्त्रताको उपयोग गरेका कारण बेहोर्नुपरेको उत्तरदायित्व हो ।

## राइटर बाजेको उत्तरदायित्वबोध

प्रस्तुत कथामा प्रत्यक्ष रूपमा उपस्थित नभई भोटिनीको आत्मकथनका क्रममा आएका राइटर बाजे पनि अस्तित्ववादी पात्रका रूपमा देखा परेका छन् । ब्राह्मण कुलका राइटरले आफैले सडकबाट उठाएर घरमा ल्याई आश्रय दिँदै हुर्काएकी एउटी भोटिनी युवतीलाई पत्नीका रूपमा सहजै वरण गरेर आफ्नो अस्तित्वशीलता प्रदर्शन गरेका छन् तर त्यही वरणका कारण छिमेकका सबैले राइटरले एउटी राम्री भोटिनीलाई राखेको छ भनी गरेको नानाथरी टिप्पणीलाई चुपचाप सहेर बस्ने उत्तरदायित्वबोध पनि उनले वहन गरेका छन् । अर्कातर्फ भोटिनीलाई पत्नीका रूपमा वरण गरेकै कारण पत्नीको असीम माया प्राप्त गरी दाम्पत्य जीवनको चरम सुखभोग गर्नु, सम्पूर्ण घरव्यवहार चलाउने जिम्मा पत्नीलाई लगाएर परिवार चलाउने मानसिक तनावबाट मुक्त हुनु अनि क्षयरोगका कारण बिछ्यौनामा लडेका अवस्थामा पत्नीले शरीर बेचेर भए उसबाट उचित औषधोपचार पाउनाका साथै आवश्यक सेवासमेत पाउनुलाई राइटर बाजेको भोटिनीलाई पत्नीका रूपमा वरण गर्ने स्वतन्त्र निर्णयकै उत्तरदायित्वका रूपमा लिन सकिन्छ ।

## निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाको राइटर बाजे कथामा अस्तित्ववादका मूलभूत मान्यतामध्येको एक मान्यताका रूपमा रहेको वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोधको अभिव्यक्ति निकै प्रभावकारी ढङ्गमा भएको पाइन्छ । व्यक्तिले जीवनमा केही बन्नका लागि विभिन्न क्षणहरूमा आफ्नो वरणस्वतन्त्रताको उपयोग गर्दै कुनै निर्णय गरेको हुन्छ; त्यसैले उसमाथि आफ्नो अवस्थाप्रतिको गहन उत्तरदायित्व पनि रहेको हुन्छ भन्ने चिन्तन नै अस्तित्ववादी वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोध हो । कोइरालाको प्रस्तुत कथामा मानिसले जीवनमा आफूलाई के बनाउने भन्ने निर्णय उसले स्वयं नै गर्नुपर्दछ अनि ऊ जे बन्छ त्यसको उत्तरदायित्व पनि ऊ स्वयंको हो भन्ने अस्तित्ववादी वरणस्वतन्त्रता र उत्तरदायित्वबोध व्यक्त भएको भेटिन्छ । त्यस किसिमको वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोधलाई उनले मूलभूत रूपमा कथाकी प्रमुख नारी पात्र भोटिनीको कार्यव्यापार

एवम् चरित्रचित्रणका माध्यमबाट गरेका छन् साथै यसमा भोटिनीकै आत्मकथनका क्रममा आएको राइटर बाजेका चरित्रमार्फत पनि वरणस्वतन्त्रता र उत्तरदायित्वबोधको अभिव्यक्ति गरिएको छ । यसरी यसका नायकनायिकाका चरित्र एवम् तिनका कार्यव्यापारमार्फत अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको वरणस्वतन्त्रता तथा उत्तरदायित्वबोधको अभिव्यक्ति गरिएकाले यो कोइरालाको प्रभावशाली अस्तित्ववादी कथा हो भन्ने निष्कर्ष फेला पर्छ ।

## सन्दर्भ सामग्रीसूची

(क) नेपाली/हिन्दी

कोइराला, विश्वेश्वरप्रसाद (२०५४), श्वेतभैरवी, पाँ.सं., ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २, तृ.सं. पुनर्मुद्रण, ललितपुरः साझा प्रकाशन

पाण्डे, ज्ञानू (२०६२). विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद. काठमाडौँ : नेपाली आख्यान समाज ।

भारद्वाज, मैथिलीप्रसाद (सन् १९९४) पाश्चात्य काव्यशास्त्र के सिद्धान्त, दो.सं. चन्डीगढ : हरियाणा साहित्य अकादमी ।

माचवे, प्रभाकर (अनु.सन् १९७३). अस्तित्ववाद : पक्ष और विपक्ष. भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

शर्मा, विष्णु कुमारी (सन् १९९२). नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वर प्र.कोइरालाको साहित्य. वाराणसी : सयपत्री प्रकाशन ।

(ख) अङ्ग्रेजी

Brasch, H. D. (1949). æWe are all ExistentialistsÆ. The Australian Quarterly, 21 . No. 2 -Jun._, 60–70.

Coates, J. B. (1953). æExistentialismÆ. Philosophy, 28 . No. 106 -Jul_, 229–238.

Copleston, F. C. (1948). æExistentialismÆ. Philosophy, 23 . No. 84 -Jan._, 19–37.

Hardre, J. (1952). æSartre's existentialism and HumanismÆ. Studies in Philology, 49. No. 3 -Jul._, 534–547.

Schrift, D. A. (2006). Twentienth century French philosophy KeyThemes and thinkers. USA, UK and Australia. Blackwell Publishing.

Tulloch, D. M. (1952). æSartrian ExistentialismÆ. The Philosophical Quarterly, 2 . No. 6 (Jan.), 33–52.